# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उप-महानगरपालिकाद्वारा प्रकाशित

खण्ड (५) संख्या-५८ नेपालगञ्ज, २०७८ चैत्र, १७ गते


भाग-२

## नेपालगञ्ज उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूल प्रवाहिकरण नीति २०७८



CamScanner

# नेपालगञ्ज उप-महानगरपालिकाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूल प्रवाहिकरण नीति २०७८

## पृष्ठभूमी

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक विशेषतायुक्त देश हो। प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक , सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ।

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ। नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ। यसै कार्यलाई कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन्।

संघियता पश्चात स्थानीय बिकास आवश्यकता परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना र कार्यक्रम तर्जुमा स्थानीय तहले गर्ने तथा योजना निर्माणका बिभिन्न चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयाका लागी आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सिपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। सन् २०३० सम्ममा हासिल गर्ने प्रतिबद्धता जनाईएको दिगो बिकासका लक्ष्यहरु तथा नेपालको पन्धौ योजनामा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरणका बिषयलाई महत्वपूर्ण स्थान दिईएको छ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारले बिभिन्न ऐन, कानून, नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आईरहेको छ साथै अन्तर्राष्ट्रिय स्तरमा समेत यसका लागि बिभिन्न प्रतिबद्धताहरु व्यक्त गरेको छ । हाल स्थानीय स्तरमा समेत यस बिषयमा भएका र आवश्यक पहलहरुको योजनाबद्ध कार्यान्वयन र सम्बद्ध सबै सरोकारवालाहरु (सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय लगायत सबै) को साझा प्रयास मार्फत लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागी नेपालगञ्ज उपमहानगरपालिकाले यो नीति तर्जुमा गरेको छ ।

## बिगतका प्रयासहरु

यस नेपालगञ्ज उपमहानगरपालिकाले स्थापना काल देखि नै लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागि बिभिन्न प्रयासहरु गर्दै आईरहेको छ। लैगिंक समानता तथा सामाजिक समावेशिकरणको संस्थागत तथा व्यवहारिक कार्यान्वयनका लागी नीति, कानून, योजना तथा कार्यक्रमहरुमा लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई समेट्दै आईरहेको छ । उपमहानगरपालिकाले गठन गर्ने बिभिन्न समिति तथा संरचनाहरुमा महिला तथा अन्य लक्षित बर्गको सहभागीता सुनिश्चित गरेको छ । साथै पदाधिकारीहरुको आचारसंहिता स्विकृत गरि सबैमा समान व्यवहारको सुनिश्चितता गरेको छ ।

उपमहानगरपालिकाले बार्षिक नीति तथा कार्यक्रम मार्फत लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई संबोधन गर्दै आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्दै आईरहेको छ । नगरपालिकाबाट निर्माण हुने भवन तथा भौतिक पुर्वाधारहरुलाई लैंगिक मैत्री, अपाङ्गमैत्री तथा बालमैत्री बनाउने प्रयास गर्दै आएको छ। लक्षित बर्गको क्षमता बिकास तथा अन्य आवश्यकताहरुको संवोधनका लागि शाखाको प्रवन्ध तथा आवश्यक जनशक्तिको व्यवस्था गरेको छ । महिला, बालबालिका, दलित, अपाङ्गता, जेष्ठ नागरिक, यौनिक तथा लैंगिक

CamScanner

अल्पसंख्यक, आदिवासी, जनजाती, मुस्लिम, मधेसी, सिमान्तकृत समुदाय तथा अन्य बिपन्न बर्गका लागि लक्षित कार्यक्रमहरु, सेवा प्रवाहमा प्राथमिकता, सिप बिकास, सामाजिक सुरक्षा लगायतका कार्यक्रमहरु संचालन गरिरहेको छ ।

## वर्तमान अवस्था ( मुख्य समस्या तथा चुनौतीहरु र अवसर)

नेपालगञ्ज उपमहानगरपालिकाले लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका बिभिन्न प्रयासहरु गर्दै आईरहेको छ यद्यपि परम्परागत सोच, अशिक्षा, गरिबी, समुदायमा ब्याप्त बिभेदजन्य संस्कार लगायतका कारण अझै पनि सन्तोषजनक उपलब्धि हासिल गर्न सकिएको छैन । यस उपमहानगरपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा भएका मुख्य समस्याहरु देहाय बमोजिम औंल्याउन सकिन्छ ।

### मुख्य समस्याहरु

- छोरा-छोरी बिचको बिभेद, बालबिवाह, गरिबी जस्ता कारणबाट बालिकाहरु शिक्षाको पहुँचबाट टाढा रहनुपर्ने अवस्था देखिएको छ ।
- लिंग पहिचान गरि भ्रुण हत्या गर्ने प्रचलनको बिकास हुदैं जानु ।
- दाईजो प्रथा, दहेज, गौना/थौना, तिलक, छुवाछुत, छुई प्रथा, पर्दा प्रथा लगायतका बिभिन्न हानिकारक परम्परागत अभ्यासहरु अझैपनि बिद्यमान रहनु ।
- योजना निर्माण प्रकृयामा सबै बर्गको सहभागीता नीतिगत रुपमै सुनिश्चित गरिएको भएता पनि लक्षित समुदायको अर्थपुर्ण सहभागीताको बिकास हुन सकेको छैन ।
- सिप तथा क्षमताको अभावमा महिला, दलित, मुस्लिम तथा अन्य बिपन्न परिवारहरु आर्थिक कृयाकंलापमा सहभागी हुन नसक्नु ।
- आर्थिक रुपमा बिपन्न परिवारहरु शिक्षा, स्वास्थ्य, पोषण जस्ता आधार भूत आवश्यकता बाट बन्चित हुनु ।
- सामाजिक रुपमा स्विकार्यता नहुँदा यौनिक तथा लैंगिक अल्पसंख्यकहरु पहिचान गर्न कठिनाई, तथ्याङ्क अभाव जस्ता कारणले सेवा सुबिधाबाट बन्चित हुनु ।



CamScanner

- बाल बिवाह, दाईजो प्रथा, घरेलु हिंसा जस्ता हानिकारक अभ्यासहरु कामयै रहनु ।
- अपाङ्गता मैत्री पुर्वाधार अभावका कारण अपाङ्गता भएका ब्यक्तिहरुको सेवा पहुँच तथा अन्य सामाजिक कृयाकलापहरु सहभागीहुन कठिनाई ।
- अपाङ्गता भएका ब्यक्तिहरु (अपाङ्गता भएका कारण) शिक्षा, स्वास्थ्य, यातायात, पोषण, समाजिक, आर्थिक तथा राजनीतिक कृयाकलापमा सहभागीता, सन्चार जस्ता आधारभूत आवश्यकताबाट बन्चित हुनु ।
- मधेसी मुस्लिम समुदायका महिलाहरुको नागरिकता, बालबालिकाहरुको जन्मदर्ता समस्या ।

**चुनौतीहरु**

- लक्षित वर्गलाई बिकास तथा सेवा प्रवाहको मुलप्रवाहिकरणमा ल्याउन कठिन ।
- समाजमा बिभिन्न कुरिति तथा हानिकारक परम्परागत अभ्यास कायमै रहनु ।
- लक्षित समुदायको सचेतना तथा शैक्षिक स्तर न्यून हुनु ।
- लक्षित समुदाय दैनिक जिवनयापनमा मात्र सम्लग्न हुँदा अन्य सिप विकास, क्षमता बिकासका कार्यक्रममा समेट्न कठिन हुनु ।

**अवसरहरु**

- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु हुनु तथा लक्षित समुदायको समेत प्रतिनिधित्व रहनु ।
- नेपालको संबिधान तथा अन्य बिभिन्न कानूनमा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरण प्राथमिकतामा पर्नु ।
- बिभिन्न अर्न्तराष्ट्रिय सन्धि सम्झौतामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणका बिषय समेटिनु तथा नेपालद्वारा अनुमोदन भएको ।
- राष्ट्रिय तथा प्रादेशिक योजनाहरुमा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई समेटिनु ।
- स्थानीय स्तरमा आवश्यक नीति, कानून, योजना तथा बजेट स्थानीय तहले निर्माण गर्न पाउने संबैधानिक ब्यवस्था हुनु ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा बिभिन्न संघ संस्था तथा दातृ निकायहरुबाट सहयोग हुनु ।



CamScanner

## नीतिको आवश्यकता र औचित्य

नेपालगञ्ज उपमहानगरपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशिकरणमा देखिएका बिभिन्न समस्याहरुको व्यवस्थित समाधान गर्न तपशिलका कारणले यस नीतिको आवश्यकता रहेको छ ।

- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागि आवश्यक संस्थागत तथा संरचनागत प्रबन्ध गर्न ।
- नेपालगञ्ज उपमहानगरपालिकाका नीति, कानून तथा योजना र कार्यक्रमहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरणलाई आत्मसाथ गर्दै लक्षित समुदायको मुलप्रवाहिकरण गर्न ।
- समाजमा ब्याप्त बिभिन्न कुसंस्कार तथा कुरितिको अन्त्य गर्दै समानता कायम गर्न ।
- लक्षित समुदायका आवश्यकताको पहिचान, अवस्था बिश्लेषण गरि सोहि अनुसारको योजना निर्माणका लागि मार्गनिर्देशन गर्न ।
- लक्षित समुदायको स्रोत साधनमा पहुँच पुर्‍याई अवसरको न्यायोचित वितरण सुनिश्चित गर्न ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्ने सबै निकाय तथा सारोकारवालाहरु बिच समन्वय कायम गरि साझा प्रयासलाई बढावा दिन ।

## लक्षितबर्ग, क्षेत्र, समुदाय

यस नीतिको कार्यक्षेत्र नेपालगञ्ज उपमहानगरपालिका सिमाना भित्र रहने छ । यस नीतिले समाजका सबै बर्ग तथा क्षेत्रसंग कार्य गरेता पनि यसको मुख्य लक्षित बर्ग तपशिल बमोजिम रहेका छन् ।

- महिला
- यौनिक तथा लैगिंक अल्पसंख्यक
- बालबालिका तथा किशोर-किशोरी



CamScanner

- जेष्ठ नागरिक
- दलित, जनजाती, मधेसी, मुस्लिम तथा अल्पसंख्यक र सिमान्तिकृत समुदाय
- आर्थिक रुपमा बिपन्न समुदाय
- अपाङ्गता भएका व्यक्तिहरु
- समाजिक, राजीतिक तथा अर्थिकरुपमा पछाडि पारिएका तथा बन्चितिकरणमा परेका अन्य समुदायहरु

**दिर्घकालिन सोच**

लैगिंक समानता र समावेशीयुक्त नेपालगञ्ज उपमहानगरपालिका

**ध्येय**

नेपालगञ्ज उप महानगरपालिकाका सम्पूर्ण नीति, निर्देशिका, कार्यविधि तथा कृयाकलापमा महिला, पुरुष, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैगिक अल्पसंख्यक, मधेसी, मुस्लिम,दलित, सिमान्तिकृत र आदिवासी जनजातीहरुको अर्थपूर्ण सहभागिता भई समातामुलक समाजको निर्माण हुने छ ।

**लक्ष्य**

बिभेद तथा बन्चितिकरणमा परेका समुदायको सशक्तिकरण र समान सहभागीता सुनिश्चित गरि अवसर र लाभ वितरणमा लक्षित समुदायको पहुचँ र उपयोग सुनिश्चत गर्ने ।

**उद्देश्यहरु**

- ❖ लैंगिक विभेद र सामाजिक समावेशीकरणका सवलमा नेपालगञ्ज उप महानगरपालिकाका २३ वडाका ८०% नागरिकहरुको चेतना अभिवृद्धि भई स्थानिय र समुदायस्तरका समिति संरचनामा कम्तिमा ६० प्रतिशत सहभागिता हुनेछ ।
- ❖ नेपालगञ्ज उपमहानगरपालिकाबाट सिपमुलक तालिम तथा रोजगरीका अवसरहरुमा लैंगिक समानता र समावेशीताको आधारमा नीति निर्देशिका कार्यविधिमा ताकिए अनुसार सेवा प्रदान गरिने छ ।



CamScanner

- समुह परिचालन र चेतनामुलक कार्यक्रमका माध्यमबाट पालिकाका नागरिकहरुको सुचनामा पहुंच तथा शसक्तिकरण गर्दै सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्रका प्रमुख पदमा ५०% सहभागिता रहनेछ।
- उपमहानगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधा, लाभ, अवसर हरुको वितरणमा महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक, दलित, जनजाती, मुस्लिम, मधेसी, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा सिमान्तृकृत समुदायका लागी बिशेष व्यवस्था गरिने छ।

## नीति, रणनीति तथा कार्यनीतिहरु

### मुख्य नीतिहरु

१. लक्षित वर्ग तथा समुदायको सेवा तथा अवसरमा पहुँच बढाउने।

२. योजना तर्जुमा प्रक्रियामा लक्षित समुदायको अर्थपुर्ण सहभागीता सुनिश्चित गर्ने।

३. लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई सबै बिषयगत क्षेत्रमा संस्थागत गर्ने।

४. अवसर तथा लाभको न्यायपूर्ण वितरण सुनिश्चत गर्ने।

५. लक्षित समुदायका क्षेत्रमा बिशेष कार्य गर्नका लागि आवश्यक समुह, संरचना र सञ्जाल तथा सम्यन्त्र को व्यवस्था गर्ने।

६. लैगिंक हिंसा लगायत समाजमा विद्यमान हानिकारक परम्परागत अभ्यास, विभेद र जोखिमहरुको निवारण गर्ने।

## रणनीति तथा कार्यनीतिहरु

### नीति १ संग सम्वन्धित (लक्षित वर्ग तथा समुदायको सेवा तथा अवसरमा पहुँच बढाउने।)

१.१ लक्षित वर्ग तथा समुदायका लागि बिशेष नीति तथा कार्यक्रमकों माध्यम बाट स्थानीय तहका सेवा,सुविधा तथा अवसरमा पहुँच बढाइने छ।

२.२ लक्षित बर्गको सेवामा पहुंच बिस्तार तथा व्यवस्थित गर्न घुम्ति शिविर तथा सेवामा प्राथमिकताको परिपाटिको बिकास गरीने छ।



CamScanner

२.३ सार्वजनिक सेवा र सेवा लिने प्रकृयाबारे लक्षित बर्गको सचेतना अभिबृद्धि गरीने छ ।

२.४ लक्षित बर्गको अवस्था झल्किने गरि खण्डिकृत तथ्याङ्कको संकलन तथा अद्यावधिक राखि लक्षित बर्गको पहिचान गरिने छ ।

२.५ महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**नीति २ संग सम्बन्धित (योजना तर्जुमा प्रक्रियामा लक्षित समुदायको अर्थपुर्ण सहभागीता सुनिश्चित गर्ने ।)**

२.१ स्थानीय तहको योजना पहिचान, तर्जुमा, कार्यान्वन तथा अनुगमन, मुल्याङ्कनको प्रक्रियामा लक्षित बर्गको अर्थपुर्ण सहभागीता अनिवार्य गरीने छ ।

२.२ योजना तर्जुमा प्रकृयाका बारेमा लक्षित बर्गहरुको क्षमता बिकास गरीने छ ।

२.३. योजना तर्जुमा गर्दा सम्वन्धित लक्षित बर्गसंगै बिषेश छलफल गरि अवस्था बिश्लेषणका आधारमा योजना तर्जुमा गर्ने परिपाटिको बिकास गरीने छ ।

**नीति ३ संग सम्बन्धित (लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणलाई सबै बिषयगत क्षेत्रमा संस्थागत गर्ने ।)**

३.१ मौजुदा कानून तथा कार्यबिधि लैंगिक समानता तथा सामाजिक समावेशिकरण मैत्री भए नभएको समिक्षा गरि पुनरावलोकन गरिने छ ।

३.२ उपमहानगरपालिकाबाट संचालन हुने सबै योजना तथा आयोजनाबाट लक्षित बर्गलाई प्राथमिकता दिईने छ ।

३.३ सबै शाखाको प्रतिबेदन गर्दा लक्षित बर्गले प्राप्त गरेको लाभको बिश्लेषण सहितको प्रतिबेदनको तयारि गरिने छ ।

३.४ स्थानीय स्तरमा गठन हुने उपभोक्ता समिति, टोल बिकास संस्था लगायत अन्य संरचना समितिहरुमा लक्षित बर्गको अनिवार्य सहभागीता सुनिश्चित गर्ने ।

३.५ सारभूत लैगिंक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।



CamScanner

नीति ४ संग सम्बन्धित (अवसर तथा लाभको न्यायपूर्ण वितरण सुनिश्चत गर्ने ।)

४.१ लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लीग लक्षित बर्गको क्षमता बिकास तथा सशक्तिकरण गरिने छ ।

४.२ लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा पर्याप्त स्रोतको सुनिश्चितता गरिने छ ।

४.३ महिला विकास कार्यक्रमलाई निरन्तरता दिदै महिला विकास कार्यक्रमद्वारा प्रवद्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्न गरीवि विरुद्ध महिला ,महिला स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

४.४ उपमहानगरपालिका भित्र संचालन हुने कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई गर्दा लक्षित बर्गको सहभागीता सुनिश्चत गरिने छ ।

४.५ आयोजना, योजना तथा कार्यक्रम कार्यान्वयन पश्चात लक्षित बर्गले प्राप्त गरेको लाभको बिश्लेषण गर्ने परिपाटिको बिकास गरिने छ ।

**नीति ५ संग सम्बन्धित ( लक्षित समुदायका क्षेत्रमा बिशेष कार्य गर्नका लागि आवश्यक समुह, संरचना, सञ्जाल तथा संम्यन्त्रको ब्यवस्था गर्ने ।)**

५.१ लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागि पालिका तथा वडा तहमा आवश्यक संरचनाको निर्माण तथा ब्यवस्थापन गर्ने।

५.२ लैंगिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागि बिभिन्न सरोकारवालाहरु संग सहकार्य र साझेदारिमा कार्य गर्ने।

५.३ लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्ने बिभिन्न निकाय, संस्था तथा बिकास साझेदारहरुको कार्यक्रमहरुलाई एकिकृत गर्दै एकरुपता ल्याईने छ ।

५.४ नगरपालिका, वडा तथा कार्यरत संघ संस्थाहरुमा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्यगर्न सम्पर्क शाखा तथा सम्पर्क ब्यक्तिको ब्यवस्था गरिने छ ।



CamScanner

नीति ६ संग सम्बन्धित (लैगिंक हिंसा लगायत समाजमा विद्यमान हानिकारक परम्परागत अभ्यास, बिभेद र जोखिमहरुको निवारण गर्ने ।)

६.१ समुदायमा रहेका बिभिन्न कुरिति कुसंस्कृतिको न्यूनिकरणका लागि आवश्यक नीति, कानून तथा कार्यक्रमको व्यवस्था गरिने छ ।

६.२ इन्टरनेटको दुरुपयोगबाट पर्ने सबै प्रकारका नकारात्मक असरबाट बालबालिकालाई संरक्षण गर्न सरोकारवालासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६.३ लैंगिक हिंसा, घरेलु हिंसा, भेदभाव, छुवाछुत, पर्दा प्रथा, दाईजो, तिलक, गौना प्रथा जस्ता बिभिन्न हानिकारक अभ्यासहरु बिरुद्ध सचेतना अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।

६.४ लैंगिक हिंसा, घरेलु हिंसा, भेदभाव, छुवाछुत, पर्दा प्रथा, दाईजो, तिलक, गौना प्रथा जस्ता बिभिन्न हानिकारक अभ्यासको न्यूनिकरणका लागि बिभिन्न संरचना,समुह, समिति तथा सञ्जालहहरुको परिचालन गरिने छ ।

## नीतिका अपेक्षित उपलब्धिहरु

लक्षित समुदायको सशक्तिकरण, सहभागीता तथा पहुचँको सुनिश्चितताका लागि आवश्यक वातावरणको निर्माण हुने गरि तय गरिएको यस नीतिको कार्यान्वयन पश्चात देहाय बमोजिमका उपलब्धिहरु हासिल हुने अपेक्षा लिईएको छ ।

१. लक्षित वर्ग तथा समुदायको सेवा तथा अवसरमा पहुँच बृद्धि हुनेछ ।
२. योजना तर्जुमा प्रक्रियामा लक्षित समुदायको अर्थपुर्ण सहभागीता मार्फत लक्षित बर्गको योजना छनौटको परिपाटिको निर्माण हुनेछ ।
३. लैगिंक समानता तथा सामाजिक समावेशिकरण सबै बिषयगत क्षेत्रमा संस्थागत हुनछे ।
४. अवसर तथा लाभको न्यायपूर्ण वितरण सुनिश्चत गरिएको हुनेछ ।
५. लक्षित समुदायका क्षेत्रमा बिशेष कार्य गर्नका लागी आवश्यक सम्यन्त्र, संरचना र सञ्जालको व्यवस्था हुनेछ ।



CamScanner

## संभावित जोखिम तथा न्यूनीकरणका उपाएहरु

लैगिंक समानता तथा सामाजिक समावेशिकरण बृहत बिषय भएको हुदाँ यस नीतिको कार्यान्वयनका क्रममा बिभिन्न जोखिमहरु आउन सक्ने आकलन गरिएको छ। नीतिको कार्यान्वयनका क्रममा आउन सक्ने संभावित जोखिम र यसका न्यूनिकरणका उपाएहरु देहाय बमोजिम रहेका छन्।

| संभावित जोखिम | न्यूनिकरणका उपाएहरु |
|---|---|
| लैगिक मानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्ने जनशक्तिको अभाव | उपलब्ध जनशक्तिको लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा क्षमता विकास गर्ने। |
| लैगिंक समानता तथा सामाजिक समावेशिकरण बिषय बहुपक्षिय बिषय भएको हुदाँ समन्वय तथा एकरुपता बनाउन कठिन | उपमहानगरपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्नका लागी सम्पर्क शाखा र सम्पर्क ब्यक्तिको ब्यवस्था गर्ने। |

## नीति कार्यान्वयनका लागी मुख्य क्रियाकलाप तथा जिम्मेवारी

| क.सं. | मुख्य कृयाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| १ | नीतिको प्रचार प्रसार गर्ने | सबै शाखा तथा वडा कार्यालयहरु |
| २ | नीतिले ब्यवस्था गरेका संरचनाहरुको निर्माण र क्षमता बिकास | कार्यपालिका |
| ३ | सम्पर्क शाखा र सम्पर्क ब्यक्तिको ब्यवस्था | कार्यपालिका |
| ४ | खण्डिकृत तथ्याङ्क ब्यवस्थापन तथा अद्यावधिक | सूचना प्रबिधि शाखा |
| ५ | नीति कार्यान्वयनका लागी तथा नीतिले परिकल्पना गरेका ब्यवस्थाहरु कार्यान्वयनका लागी आवश्यक कानून, निर्देशिका, मापदण्ड निर्माण गर्ने। | कार्यपालिका |
| ६ | उपमहानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, बिषयगत शाखा तथा वडा कार्यालयहरुको क्षमता बिकास | महिला तथा बालबालिका शाखा |
| ७ | नीतिको कार्यान्वयनका लागी आवश्यक जनशक्तिको बिकास | कार्यपालिका |
| ८ | नीति कार्यान्वयनको अनुगमन, मुल्याङ्कन तथा समिक्षा | लै.स.सा.स कार्यान्वयन समिति |



CamScanner

## संस्थागत व्यवस्था (आवश्यक संरचना, समिति तथा काम कर्तव्य अधिकार)

यस नीतिको कार्यन्वयन स्थानीय तहको स्थाई संस्थागत संरचना तथा शाखाहरुबाट हुने छ । नीतिको कार्यन्वयनका लागि स्थानीय तहको महिला तथा बालबालिका शाखा सम्पर्क शाखा र सो शाखाको प्रमुख सम्पर्क ब्यक्तिको रुपमा रहि कार्य गर्ने छ। यस नीतिको कार्यान्वयनमा सहजिकरण, समन्वय तथा मार्ग निर्देशन लैगिंक समानता तथा सामाजिक समावेशिकरण समितिले गर्ने छ । जसमा देहायका पदाधिकारीहरु रहने छन् ।

| | | |
|---|---|---|
| १. | उपमहानगरपालिकाका प्रमुख | संयोजक |
| २. | उपमहानगरपालिका उपप्रमुख | सदस्य |
| ३. | प्रशासकीय अधिकृत | सदस्य |
| ४. | कार्यपालिका सदस्य मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना | सदस्य |
| ५. | लक्षित बर्गको क्षेत्रमा कार्य गर्ने ब्यक्ति वा संस्था मध्येबाट कार्यपालिकाले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना | सदस्य |
| ६. | उपमहानगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

## समितिको काम कर्तव्य र अधिकार

१) उपमहनगरपालिका भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको नियमित रुपमा खण्डीकृत तथ्याङ्क संकलन, बिश्लेषण तथा अद्यावधिक गर्ने प्रबन्ध मिलाउने ।

२) लैंगिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा कार्यपालिका तथा सभा समक्ष सिफारिस गर्ने ।

३) संघ तथा प्रदेश सरकार बाट निर्माण भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

CS CamScanner

४) लैंगिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि कार्यपालिका तथा सभा समक्ष सिफारिस गर्ने।

५) यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।

६) नियमित रुपमा लैंगिक तथा सामाजिक समावेशी बजेट विश्लेषण गर्ने।

७) नीतिको ब्यवहारिक र प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण शाखा तथा संम्यन्त्रको प्रभावकारी भूमिकाको सुनिश्चित गर्ने।

८) नीतिको कार्यान्वयनका लागी आवश्यक स्रोत ब्यवस्थापनका लागी कार्यपालिका र सभा समक्ष सिफारीस गर्ने।

९) लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा देखिएका समस्याहरुको बिश्लेषण र समाधानका उपाएहरुको खोजि गर्ने।

१०) नीतिको कार्यान्वयनका लागी बिभिन्न तह, निकाय तथा सरोकार वालाहरु संग समन्वय तथा सहकार्य गर्ने।

११) नीयमित बैठक बस्ने, नीतिको बेला बेलामा समिक्षा तथा परीमार्जन गर्ने।

## वडास्तरीय समिति :

उपमहानगरपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका पदाधिकारीहरु रहने छन :

१. सम्वन्धित वडाको वडा अध्यक्ष : संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरु मध्येबाट २ जना (कम्तिमा १ जना महिला) : सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था, संजाल तथा क्लबहरुवाट मनोनित गरेका वढीमा ७ (समावेशिकरणका आधारमा ) जना सदस्यहरु : सदस्य

४. सम्वन्धित वडाको वडा सचिव : सदस्य सचिव

## वडा स्तरीय समितिको काम कर्तब्य अधिकार

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने ।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई कार्यपालिकामा पेश गर्ने ।

४. यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिवृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री वनाउन सहजीकरण गर्ने ।

५. नीयमित वैठक बस्ने तथा नीतिको प्रभावकारी कार्यान्वयनका लागी आवश्यक अन्य कार्यहरु गर्ने ।

CamScanner

## नीति कार्यान्वयनका लागि सरोकारवालाहरु

यस नीतिको कार्यन्वयनका लागी निम्नानुसारका सरोकारवालाहरु तथा प्रदान गर्ने सेवाको नक्साङ्कन गरिएको छ।

| क्र. सं. | सरोकारवलाहरु | प्रदान गर्ने सेवा/भूमिका |
|---|---|---|
| १ | नेपालगंज उपमहानगरपालिका | • लैगिंक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरणका लागी आवश्यक कानुन, नीति, कार्यबिधि तथा निर्देशिकाको तर्जुमा र कार्यान्वयन गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा आवश्यक कार्यक्रमहरुको तर्जुमा, स्रोत ब्यवस्थापन र कार्यान्वयन गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गर्नका लागी आवश्यक संरचनाको निर्माण गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक जनशक्तिको बिकास गर्ने ।<br>• स्थानीय स्तरमा खण्डीकृत तथ्याङ्क ब्यवस्थापन गर्ने ।<br>• अल्पसंख्यक तथा पछाडि पारिएका समुदायको सशक्तिकरण तथा उत्थानका लागी बिशेष कार्यक्रम तथा अभियान संचालन गर्ने ।<br>• न्यायीक समिति मार्फत लैगिंक हिंसा, बाल बिवाह, जातीय बिभेद जस्ता बिभिन्न घटनाहरुको निदान गर्ने ।<br>• पूर्वाधार बिकासमा लैगिंक मैत्री, अपाङ्गमैत्री संरचनाहरुको बिकास गर्ने गर्न लगाउने ।<br>• स्थानीय तहलाई लैगिंक मैत्री र समावेशी बनाउनका लागी आवश्यक कार्यहरु गर्ने । |
| २ | वडा कार्यालयहरु | • वडा स्तरमा लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक कार्यक्रमको तर्जुमा र कार्यान्वयन ।<br>• वडामा बिभिन्न अभियानको संचालन गर्ने तथा सेवा प्रवाहमा पिछडिएको क्षेत्र, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक लगायतलाई प्राथमिकता दिने ।<br>• सामाजिक सुरक्षा कार्यक्रमलाई ब्यवस्थित गर्ने ।<br>• वडालाई लैगिंक मैत्री र समावेशी बनाउनका लागी आवश्यक कार्यहरु गर्ने |

| | | |
|---|---|---|
| ३ | स्वास्थ्य चौकीहरु | • पछाडि पारिएका समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका लागी आधारभूत स्वास्थ्य सेवा, बालबालिकाहरुका लागी खोप, गर्भवती तथा सुत्केरी स्याहार लगायतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• स्वास्थ्य क्षेत्रका समस्याहरुको पहिचान र निदानका लागी आवश्यक पहल गर्ने ।<br>• किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन गर्ने ।<br>• पछाडि पारिएका समुदायका बालबालिका, महिलाहरुको पोषण सुधारका लागी आवश्यक कार्यहरु गर्ने । |
| ४ | प्रहरि चौकी | • समुदाय प्रहरी साझेदारि मार्फत समुदायमा कानुनी सचेतना फैलाउने ।<br>• सामाजिक अपराधको रोकथाम गर्ने ।<br>• बिभिन्न कुरिति, कुसंस्कृति तथा हानिकारक अभ्यासहरु बिरुद्ध कार्य गर्ने । |
| ५ | महिला समुह र समिति तथा संस्था, बालक्लब तथा युवा क्लबहरु, किशोरी, जेष्ठनागरिक, अपांगता समिति/संजाल, टोल बिकास समिति | • बिभिन्न कुरिति, कुसंस्कृति तथा हानिकारक अभ्यासहरु बिरुद्ध सचेतना फैलाउने ।<br>• सरकारका बिभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहभागी हुने तथा समुदाय परिचालन गर्ने ।<br>• सरकारका बिभिन्न नीति तथा कार्यक्रमहरुको प्रचार प्रसार तथा निगरानी गर्ने ।<br>• सामाजिक अपराधको सम्बन्धित निकायमा जानकारी गराउने ।<br>• बिभिन्न हिंसा पिडितहरुको राहत, पुर्नस्थापनाका लागी आवश्यक समन्वय गर्ने । |
| ६ | गैरसरकारी संस्था तथा बिकास साझेदारहरु | • समुदाय सचेतीकरणका लागी आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा पछाडि पारिएका समुदायको क्षमता बिकास, सिप बिकास तथा सशक्तिकरणका लागी कार्यक्रमहरु संचालन गर्ने ।<br>• स्थानीय तहका मापदण्ड, निर्देशिका तथा नीतिहरुको कार्यान्वयनमा साझेदारि गर्ने ।<br>• समुदाय परिचालनमा सहयोग गर्ने ।<br>• सामाजिक बिकासका आवश्यक पुर्वाधार बिकासमा सहकार्य गर्ने । |



CamScanner

| | | |
|---|---|---|
| ७ | नागरिक समाज | • स्थानीय तहका नीति, रणनीति, योजनाको अध्ययन तथा पृष्ठपोषण दिने तथा कार्यान्वयनमा सहयोग गर्ने ।<br>• सामाजिक बिभेद, कुसंस्कार, बिरुद्ध आवाज बुलन्द गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी स्थानीय तहलाई सृजनात्मक सल्लाह सुझाव दिने ।<br>• समुदायको सचेतिकरण र सशक्तिकरणका कार्यहरु गर्ने । |
| ८ | सञ्चार माध्यमहरु | • समुदायमा सचेतना अभिबृद्धि गर्ने ।<br>• समाजमा भएका राम्रा कामको प्रचार प्रसार, तथा समस्याहरु उजागर गर्ने ।<br>• सामाजिक बिभेद, कुसंस्कार, बिरुद्ध आवाज बुलन्द गर्ने । |
| ९ | जिल्ला स्थित संघिय तथा प्रदेश अर्न्तगतका कार्यालयहरु | • लैगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा आवश्यक समन्वय गर्ने ।<br>• नीतिको कार्यान्वयनका लागी जिल्ला स्तरमा समन्वय तथा सहजिकरण गर्ने । |
| १० | नीजि क्षेत्र | • नीजि क्षेत्रमा नीतिको प्रचार प्रसार गर्ने ।<br>• नीतिको पालना गर्ने तथा कार्यान्वयनका लागी आवश्यक सहजिकरण गर्ने ।<br>• नीजि क्षेत्रमा नीति कार्यान्वयनको अवस्था बारे स्थानीय सरकारलाई जानकारी गर्ने ।<br>• आवश्यक अन्य सहयोग गर्ने । |
| ११ | गैर सरकारी राष्ट्रिय, प्रादेशिक, जिल्ला तथा पालिका स्तरका संघ तथा महासंघहरु, | • समुदाय सचेतीकरणका लागी आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• महिला, अपाङ्गता भएका ब्यक्ति, बालबालिका तथा पछाडि पारिएका समुदायको क्षमता बिकास, सिप बिकास तथा सशक्तिकरणका लागी कार्यक्रमहरु संचालन गर्ने ।<br>• स्थानीय तहका मापदण्ड, निर्देशिका तथा नीतिहरुको कार्यान्वयनमा साझेदारि गर्ने ।<br>• समुदाय परिचालनमा सहयोग गर्ने । |
| १२ | राष्ट्रिय, प्रादेशिक, जिल्ला तथा पालिका स्तरका पेशागत संघ महासंघहरु | • नीतिको प्रचार प्रसार गर्ने ।<br>• नीति कार्यान्वयनका लागी सदस्यहरुलाई प्रतिबद्ध गराउने ।<br>• नीतीको कार्यान्वयनमा सहयोग तथा सहजिकरण गर्ने । |



CamScanner

| | | |
|---|---|---|
| | राजनीतिक दल तथा दलका भातृ संगठनहरु | • समुदायको सचेतना अभिवृद्धि गर्ने तथा कानुनी ब्यवस्थाको प्रचार प्रसार गर्ने ।<br>• लक्षित समुदायका लागी नीतिगत पैरवी गर्ने ।<br>• लक्षित समुदायका सवालहरुको उठान गर्ने ।<br>• राजनीतिक अवसरहरुमा लक्षित समुदायलाई प्राथमिकता दिने ।। |
| १३ | प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश मन्त्रालयहरु | • स्थानीय तहको क्षमता बिकास गर्न मद्दत गर्ने ।<br>• स्थानीय तहले लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी तर्जुमा गरेका कार्यक्रम तथा अभियानहरुको कार्यान्वयनमा सहयोग तथा साझेदारि गर्ने ।।<br>• लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी स्थानीय तहको नीति, रणनीति, संरचना लगायत निर्माण तथा कार्यान्वयन गर्न मार्गदर्शन तथा सहयोग गर्ने ।।<br>• अन्य आवश्यक सहयोग गर्ने ।। |
| १४ | संघिय मन्त्रालय, विभाग तथा संवैधानिक आयोग तथा अन्य आयोगहरु | • लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी बिभिन्न नमुना नीति, कार्यबिधिको तर्जुमा गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी राष्ट्रिय अभियानको संचालन गर्ने ।।<br>• स्थानीय तहले लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी तर्जुमा गरेका कार्यक्रम तथा अभियानहरुको कार्यान्वयनमा सहयोग तथा साझेदारि गर्ने ।।<br>• अन्य आवश्यक सहयोग गर्ने ।। |

## नीतिको समिक्षा, पुनरावलोकन र संशोधन

आवश्यकताको आधारमा नीतिको समिक्षा तथा पुवरावलोकन गरि आंवश्यक सुधार, संशोधन तथा अद्यावधिक गरिने छ। यस लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण नीतिको शंसोधनको आवश्यकताको आधारमा लैगिंक समानता तथा सामाजिक समावेशिकरण कार्यान्वयन समितिबाट सांशोधनका लागि सिफारिस भएमा उपमहानगर पालिकाको कार्यपालिकाबाट आवश्यक संशोधन गर्ने छ।

आज्ञाले